'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : १६३ शुक्रवार २५ माघ, २०८१ 07 (Friday) February 2025 पृष्ठ ४, मूल्य रु : १०।-

## यातायात कार्यालयको सेवाप्रवाह प्रभावकारी बनाउन उच्च अदालतको परमादेश

नमस्ते समचारदाता

दाङ, माघ/२४

उच्च अदालत तुल्सीपुर, नेपालगन्ज इजलासले यातायात व्यवस्था कार्यालयको सेवा छिटो, छरितो, पारदर्शी, पहुँचयोग्य र प्रविधिमैत्री बनाउन विपक्षीहरूका नाममा परमादेश आदेश जारी गरेको छ । सार्वजनिक सरोकारको विषयमा दायर रिटको सुनुवाइ गर्दै अदालतले सेवाग्राहीलाई गुणस्तरीय, जवाफदेही र प्रभावकारी सेवा प्रदान गर्न आदेश जारी गरेको हो। अदालतले यातायात व्यवस्था कार्यालयबाट प्रदान गरिने चालक अनुमतिपत्र (लाइसेन्स) नविकरण तथा वितरण प्रक्रिया व्यवस्थित, पारदर्शी र समयमै गर्नुपर्ने ठहर गरेको छ।




रिट निवेदनको पक्षमा सार्वजनिक सरोकार कानून व्यवसायी समूहका संयोजक वरिष्ठ अधिवक्ता सुनिल कुमार श्रेष्ठ, सहसंयोजक वरिष्ठ अधिवक्ता लोक बहादुर शाह, सचिव अधिवक्ता बसन्त गौतम, तथा अधिवक्ता विकास आचार्य, सुनिता शर्मा, विश्वजित तिवारी र बलबहादुर चन्दले बहस गरेका थिए । रिट निवेदनमा चालक अनुमतिपत्र नविकरण गर्ने प्रक्रियामा ढिलासुस्ती, सेवाग्राहीलाई अनावश्यक झन्झट, पारदर्शिता अभाव, र वैकल्पिक व्यवस्थाको अभावका कारण सेवाग्राहीले भोग्नुपरेका समस्या औंल्याइएको थियो । विपक्षीका तर्फबाट लुम्बिनी प्रदेश सरकारका मुख्य न्यायाधिवक्ता यमलाल खनाल र नेपालगन्ज उच्च सरकारी वकिल कार्यालयका सहायक न्यायाधिवक्ता सृजना आचार्यले बहस गरेका थिए । अदालतले नेपालको संविधानको धारा १४४ (१)(२), न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१), र उच्च अदालत नियमावली २०७३ को नियम ४२ अनुसार परमादेश जारी गर्ने ठहर गरेको छ । जस्मा चालक अनुमतिपत्र वितरण प्रक्रिया छिटो, छरितो, पारदर्शी र प्रविधिमैत्री बनाउनु।,लाइसेन्स नविकरण दस्तुर लिइसकेपछि तोकिएको समयमै सेवाग्राहीलाई लाइसेन्स उपलब्ध गराउनु।,चालक अनुमतिपत्र छपाइ गर्ने मेसिनको तत्काल व्यवस्था गरी लाइसेन्स वितरणमा ढिलाइ नगर्नु। प्रदेश बाहिरका सवारी साधनहरूको वार्षिक कर तथा नविकरण प्रक्रियालाई सहज बनाउनु । यातायात व्यवस्था कार्यालयका सम्पर्क ठेगाना, फोन नम्बर, सहायता नम्बर र अन्य विवरण सार्वजनिक रूपमा उपलब्ध गराउनु। लाइसेन्स तथा अन्य सेवासम्बन्धी सम्पूर्ण प्रक्रिया अनलाइनमार्फत पारदर्शी रूपमा उपलब्ध गराउनु।सवारी साधन चेकजाँच गर्दा नविकरण र सिदलाई वैधानिक रूपमा मान्यता दिनु रहेका छन् । अदालतको परमादेश कार्यान्वयन भएमा सेवाग्राहीहरूले लाइसेन्स नविकरणको झन्झट हट्ने, अव्यवस्थित सेवा प्रणाली सुधारिने, पारदर्शिता बढ्ने, र ट्राफिक व्यवस्थापन अझ व्यवस्थित हुने अपेक्षा गरिएको छ। अदालतको आदेशपछि सम्बन्धित निकायहरूले सेवा सुधारका लागि आवश्यक कदम चाल्नेमा सेवाग्राही आशावादी देखिएका छन्।

## प्रेश चौतारी हुम्ला शाखाको नेतृत्व निर्विरोध



नमस्ते समचारदाता

हुम्ला, माघ/२४

प्रेश चौतारी नेपालको जिल्ला शाखा हुम्लाको नयाँ नेतृत्व सर्वसम्मत चयन भएको छ बिहीबार सुरु भएको चौतारी छैंटौ जिल्ला अधिबेशनले निक्कै छलफलपछि बोहराको नेतृत्वमा जिल्ला कार्य समिति सर्वसम्मत चयन गरेको हो । अधिबेशनले एघार सदस्यीय जिल्ला कार्य समिति चयन गरेकोमा अध्यक्षमा बोहरा, उपाध्यक्षमा रतनबहादुर रावत, उपाध्यक्ष समावेशीमा बेलुमाया महतारा, कोषाध्यक्षमा ऐटन रावल, सचिवमा मोहनसिंह बुढा र सहसचिवमा लक्ष्य कामी चयन भएका छन् त्यसैगरि सदस्यमा धनबहादुर भण्डारी, भाग्यदेवी थापा, हृदया शाही र जेनिसा भण्डारी चयन भएका छन् । त्यसैगरि केन्द्रय महाधिबेशन प्रतिनिधिमा नन्द सिंह र काली महतारा चयन गरिएको छ । त्यसैगरि प्रदेश अधिबेशन प्रतिनिधिहरुमा असोक भण्डारी र पदमराज हमाल चयन गरेको छ। यसअघि चौतारीको सचिव रहेका बोहराले ब्यवसायीक पत्रकारिताका लागि लाग्ने र पत्रकारको हकहितका पक्ष उभिने बताए ।

## कोहलपुरमा सुरक्षित वैदेशिक रोजगारी बारे समुदायस्तरमै अभिमुखीकरण कार्यक्रम

नमस्ते समचारदाता

कोहलपुर, माघ/२४

पछिल्लो समय वैदेशिक रोजगारीमा जाने युवाको सङ्ख्या बढ्दै गएको छ। विशेष गरी बेरोजगारीको समस्या बढ्दै जाँदा ग्रामीण क्षेत्रका युवाहरू विदेश जान बाध्य भएका छन्। तर, रोजगारीका क्रममा थुप्रै नेपाली युवाहरू गन्तव्यमा पुगेपछि विभिन्न दुःख र समस्यामा परेका खबरहरू आउने गरेका छन्। वैदेशिक रोजगार सुरक्षित बनाउने उद्देश्यले कोहलपुर नगरपालिकामा सुरक्षित आप्रवासन (सामी) कार्यक्रमअन्तर्गत समुदायस्तरमै जानकारी दिने अभियान तीव्र पारिएको छ । कोहलपुर नगरपालिकाका १५ वडाका विभिन्न बस्तीहरूमा सुरक्षित वैदेशिक रोजगारीसम्बन्धी जानकारी दिने कार्यक्रम



सञ्चालन भइरहेको छ। रोजगार सेवा केन्द्र कोहलपुरको आयोजनामा गरिएको यो अभियानले सम्भावित वैदेशिक कामदारलाई आवश्यक न्यूनतम सूचना, सेवा र सरोकारवालाहरूको सम्पर्क ठेगाना उपलब्ध गराउने लक्ष्य राखेको छ । रोजगार सेवा केन्द्रका रोजगार संयोजक आशिष वर्माले वैदेशिक रोजगारी सुरक्षित बनाउने अभियानबारे जानकारी दिँदै भन्नुभयो, "वैदेशिक रोजगारीमा जाने सम्भावित आप्रवासी, तिनका परिवार तथा फर्केर आएका व्यक्तिहरूलाई सुरक्षित र लाभदायक रोजगारीका उपायबारे जानकारी दिन आवश्यक छ। हाम्रो टिमले बस्तीबस्तीमा पुगेर चेतना अभिवृद्धि गराइरहेको छ, जसले ठगी तथा अन्य समस्याबाट बच्न मद्दत गर्छ।"संयोजक वर्माका अनुसार, वैदेशिक रोजगारीका लागि उचित पूर्वतयारी र योजनाको अभावले गर्दा धेरै नेपालीले सोचेजस्तो प्रतिफल प्राप्त गर्न सकेका छैनन्। त्यसैले, कम्तीमा आधारभूत सीप सिकेर मात्र विदेश जान प्रेरित गर्न यो अभियानले सहयोग गर्नेछ । सामी कार्यक्रमका स्वयंसेवक मानबहादुर वली र बसन्ती डाँगीले समुदायस्तरमा पुगेर सुरक्षित वैदेशिक रोजगारीका विभिन्न पक्षबारे जानकारी दिने कार्य गरिरहेका छन्। हालसम्म कोहलपुर नगरपालिकाका वडा नम्बर १, २, ३, ४, ५, ६, ११, १२ र १३ मा अभिमुखीकरण कार्यक्रम सम्पन्न भइसकेको छ। बाँकी वडाहरूमा पनि क्रमशः कार्यक्रम सञ्चालन गरिने रोजगार सेवा केन्द्रले जनाएको छ ।

### गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

नाम्खा गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
www.namastekarnali.com

जन्म, मृत्यु, विवाह, बसाईँ सराईँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

ताँजाकोट गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक



# प्रहरीमाथि निजामती प्रशासन किन हाबी हुनु?

शिवजी श्रेष्ठ

नेपालमा प्रजातन्त्र वा गणतन्त्रसँगै नागरिक सर्वोच्चताको प्रसंग चलिरहेको छ। यसको मतलब राज्य सञ्चालनमा नागरिकको सम्प्रभुता रहनुपर्छ भन्ने हो। यसो हुनु स्वाभाविक र समयसापेक्ष पनि हो । प्रजातन्त्रमा राज्य सञ्चालनसहित राज्यका सबै क्षेत्रमा नागरिकको पहुँच र निगरानी हुनु नै नागरिक सर्वोच्चता हो । निर्वाचित जनप्रतिनिधिले चलाउने निकाय होस् वा लोक सेवा आयोगबाट छानिएका कर्मचारीले चलाउने निकाय, सबैमा नागरिक सर्वोच्चता अपेक्षित र आवश्यक हुन्छ । नेपालमा पनि प्रजातन्त्रको यही मर्म र तथ्य मनन गरेर नागरिकको प्रत्यक्ष पहुँच र निगरानी बढाउने कुरा हुने गरेको छ। यसैअनुसार संघीयतामा स्वास्थ्य, शिक्षा लगायतका कतिपय निकाय प्रदेश स्तरीय वा स्थानीय जनप्रतिनिधिको प्रत्यक्ष नियन्त्रण वा मातहत राख्ने व्यवस्था छ। प्रदेश मातहत प्रहरी पनि हुने भनिएको छ। यस सन्दर्भमा संघीय सरकार र प्रदेश सरकारका बीच बहस चलिरहेको छ। सायद फौजी संगठनमा आआफ्नो प्रभाव रहोस् भन्ने सबै चाहन्छन्। यसै कारणले होला, कर्मचारी र अन्य निकाय समायोजन हुँदा पनि प्रहरी समायोजन हुन सकेको छैन। प्रदेश मातहत प्रहरी छैन। प्रहरी वा फौजी संगठनमाथि नागरिक सर्वोच्चता भनेको सिभिल (नागरिक) पोसाक लगाउने कर्मचारीको सर्वोच्चता होइन। जननिर्वाचित प्रतिनिधिले बनाएको कानुनमार्फत नागरिकको सर्वोच्चता हो । नागरिक सर्वोच्चताबारे कतिपयको बुझाइ फौजी पोसाक लगाउने सेना वा प्रहरी संगठन सिभिल पोसाक लगाउने कर्मचारीको मातहत हुनुपर्छ भन्ने छ। सरकारी कर्मचारी फौजी पोसाकमा होस् वा सिभिल पोसाकमा, ऊ सरकारी कर्मचारी नै हो। उसले नागरिकको प्रतिनिधित्व गर्दैन, सरकारको प्रतिनिधित्व गर्छ। सशस्त्र द्वन्द्वको समयमा नागरिक सर्वोच्चताको कुरा धेरै उठ्ने गरेको थियो। त्यस बखत स्थानीय निकाय समेत निर्वाचित जनप्रतिनिधिको अभावमा निजामती कर्मचारी वा सरकारबाट मनोनीत प्रतिनिधिले चलाएका थिए । द्वन्द्व शमनका लागि सेना परिचालन गरिएको थियो। हाल संघीयतासँगै तह तहमा निर्वाचित जनप्रतिनिधि छन्। यी प्रतिनिधिमार्फत नागरिक सर्वोच्चताले आफ्नो स्थान बनाउँदै गएको छ। नागरिक सर्वोच्चताले राज्यका निकायहरूमा स्वरूप बनाउँदै गरेको सन्दर्भमा नागरिक सर्वोच्चताकै नाममा जनप्रतिनिधिहरू प्रहरी संगठन आफ्नो मातहतमा ल्याउन लुछाचुँडी गर्दै छन् । गृह (निजामती) प्रशासन नागरिक सर्वोच्चताको नाममा प्रहरी संगठन आफ्नो अनुकूल हुने गरी प्रत्यक्ष ढंगले आफ्नै मातहत राख्न माथापच्ची गरिरहेको छ । नेपाल प्रहरी ऐन, २०१२ को दफा ४ मा 'प्रहरीको रेखदेख र नियन्त्रण गर्ने र प्रहरीलाई निर्देशन दिने अधिकार नेपाल सरकारलाई हुनेछ, नेपाल सरकारको आदेश र निर्देशन पालन गर्नु प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुनेछ' लेखिएको छ। ऐनको दफा ८ मा 'जिल्लास्तरीय प्रहरी कर्मचारीहरू शान्तिसुरक्षा र सोसम्बन्धी प्रशासनका सम्बन्धमा प्रमुख जिल्ला अधिकारीको नियन्त्रण र निर्देशनमा रहनेछन्। सो सम्बन्धमा प्रमुख जिल्ला अधिकारीले दिएको आदेश तथा निर्देशन पालना गर्नु प्रहरी कर्मचारीको कर्तव्य हुनेछ। कानुन बमोजिम प्रमुख जिल्ला अधिकारीले गर्नुपर्ने काममा निजलाई सहयोग गर्नु जिल्ला प्रहरी कर्मचारीहरूको कर्तव्य हुनेछ,' लेखिएको छ । गृह मन्त्रालय हुँदै मन्त्रिपरिषदबाट पारित भएर संसदमा टेबल गरिएको प्रहरी ऐन सम्बन्धी विधेयक, २०८१ मा पनि सात दशकअघिकै व्यवस्था कायम राखिएको छ । स्थानीय शान्ति, सुरक्षा सम्बन्धी काममा प्रमुख जिल्ला अधिकारी वा जिल्ला प्रशासनको प्रत्यक्ष नियन्त्रण रहने व्यवस्थाले मात्रै नपुगेर विधेयकमा 'जिल्लाको शान्ति, सुरक्षा तथा सुव्यवस्था, अपराधको रोकथाम र नियन्त्रण सम्बन्धी कार्यका सन्दर्भमा प्रहरी कर्मचारी प्रमुख जिल्ला अधिकारीको नियन्त्रण, निर्देशन तथा सुपरिवेक्षणमा रहने' प्रावधान राखिएको छ। विधेयकमा भनिएको छ - जिल्लाको शान्ति, सुरक्षा तथा सुव्यवस्था, अपराधको रोकथाम र नियन्त्रणका सम्बन्धमा प्रहरी कर्मचारीलाई आदेश वा निर्देशन दिनुपर्ने भएमा प्रमुख जिल्ला अधिकारीले त्यसरी खटिएको प्रहरी प्रमुखमार्फत दिनुपर्नेछ। यस्तो व्यवस्थाले प्रहरीमाथि नागरिक सर्वोच्चता नभएर 'निजामती सर्वोच्चता' हुनेछ। अहिले टेबल गरिएको विधेयक प्रहरी महानिरीक्षककै नेतृत्वमा गठित समितिले प्रहरी संगठनमा व्यापक छलफलपछि ल्याएको भनिएको छ। गृह मन्त्रालयबाट मन्त्रिपरिषदमा पुग्दा व्यापक थपघट गरिएको भन्ने कुरा बाहिर आएको छ। यतिसम्म कि गृह मन्त्रालयका कर्मचारीहरूले विधेयकको प्रस्तावनामा 'अपराध अनुसन्धान गर्ने प्रहरीको मुख्य जिम्मेवारी हुने' विषय समेत हटाएर पेस गरेका थिए। प्रहरी संगठनको असन्तुष्टिपछि मन्त्रिपरिषदबाट यो प्रावधान थपिएको भन्ने कुरा पनि बाहिर आएको छ । यसबाट पनि थाहा हुन्छ कि, प्रहरीमाथि कसरी निजामतीको प्रहार भइरहेको छ! प्रश्न उठ्छ, यस्तो कसरी र किन भइरहेको छ? राजनीतिक तहबाट समेत यसमा किन नजरअन्दाज भइरहेको छ? मन्त्रालयले तयार गरेको विधेयकको मस्यौदा सम्बद्ध मन्त्रीले स्वीकृत गरेपछि मात्रै मन्त्रिपरिषदमा पेस हुने हो। हुन त मन्त्रालयदेखि मन्त्रिपरिषदसम्मको निर्णयमा निजामती कर्मचारी हाबी हुन्छन् भनिन्छ। मन्त्रीहरू आफूलाई सरोकार हुने विषयमा बाहेक विधेयकमा के के व्यवस्था छ भन्ने समेत अध्ययन गर्दैनन्। कर्मचारीहरू पनि यस्ता मन्त्रीहरूलाई गुमराहमा राख्न समर्थ हुन्छन् । तीन दशकअघि एउटा घटना चर्चित भएको थियो। तत्कालीन मन्त्री शैलजा आचार्यले आफू मन्त्री रहेको कृषि मन्त्रालयमा भ्रष्टाचार छ भनिन्। त्यसो भनेपछि उनले राजीनामा गरिन्। लगत्तै २०४९ सालमा 'सुकुम्बासी समस्या समाधान आयोग' बन्यो जसमा उनी अध्यक्ष थिइन्। उक्त आयोगलाई शक्तिशाली बनाउन मन्त्रिपरिषदमा आयोगका अध्यक्षलाई गृहमन्त्री, भूमि सुधारमन्त्री र वनमन्त्रीका केही अधिकार दिने गरी शैलजाले प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला समक्ष प्रस्ताव पेस गरिन् । प्रधानमन्त्रीको सहमतिमा उक्त प्रस्ताव मन्त्रिपरिषदमा पेस भयो। प्रस्ताव पारित भयो। मुख्यसचिवले सही गरेर आउँदा प्रस्ताव गरिएका अधिकारका मुख्य बुँदा हटाइएछन् । मन्त्रिपरिषदबाट हटाइएको कुरा शैलजाले प्रधानमन्त्रीलाई भनिछन्। प्रधानमन्त्रीले 'सुकुम्बासी समस्या समाधान आयोग' बाट आएको प्रस्ताव हुबहु पारित भएको हो भनेछन् । शैलजाले तत्कालीन मुख्यसचिवलाई फोन गरेर 'प्रधानमन्त्रीलाई गुमराहमा राखेर मन्त्रिपरिषद भित्र नखेल्नू' भन्दै कारबाही गराउने चेतावनी दिइछन्। अर्को दिन आयोगबाट पेस भएको प्रस्ताव हुबहु हस्ताक्षर भएर आएछ । मुख्य सचिवको हस्ताक्षर भएर आयोगमा पुगेको मन्त्रिपरिषदको निर्णय छिनभरमै कसरी फेरियो? प्रश्न अनुत्तरित नै रह्यो।त्यसरी निजामतीको सर्वोच्च नेतृत्वले प्रधानमन्त्रीलाई छलेर निर्णय लेख्न र हस्ताक्षर गर्न सक्दो रहेछ भने निरीह प्रहरीमाथि त त्यसै पनि खेल्ने नै भयो। प्रहरी संगठनमाथि खेलेको र निजामती नियन्त्रणको नीति लिएको बारेमा प्रहरी अधिकारीहरू जानकार छन् तर उनीहरूको स्वर दबेको छ। मसिनो स्वरमा असन्तुष्टि जनाउनुबाहेक अर्को उपाय छैन।तल्लो तहका प्रहरीको आवाज आफ्नै संगठनको उच्च तहमा पुग्दैन। उच्च अधिकारीहरूको आवाज आफ्नै सरूवा र बढुवाको आशा र निराशामा दबेको हुन्छ। प्रहरीको सरूवा र बढुवामा पनि प्रहरी प्रमुख भन्दा गृह मन्त्रालयका अधिकारी हाबी हुने गरेका छन् । सात दशक अघिदेखिको प्रहरी ऐन समसामयिक बनाउन प्रहरी संगठनले धेरै प्रयास गरेको भए पनि सफल भएको छैन। वर्तमान गृहमन्त्रीले बहालीका क्रममा प्रहरी ऐन बनाउनु आफ्नो उच्च प्राथमिकतामा रहेको बताएका थिए। उनको कुराले प्रहरी अधिकारीहरू निकै खुसी भएका थिए । विधेयकमा वृत्ति विकासका पक्षमा केही राम्रो सुधार प्रस्तावित भए पनि समुच्च प्रहरीलाई कमजोर बनाउने र प्रहरीमाथि निजामती कर्मचारी हाबी हुने धेरै प्रावधान छन्। प्रहरी संगठन सशक्त बनाउँछु भन्दाभन्दै जानी वा नजानी कमजोर बनाउने खेलाडीहरूबाट गृहमन्त्री घेरिएका छन्। प्रहरी संगठन कमजोर हुने भएपछि वृत्ति विकासमा प्रस्ताव गरिएका केही राम्रा पक्ष ओझेलमा परेका छन् ।गत दसैंको समयमा म नेपालमा थिएँ। गृहमन्त्री रमेश लेखकले मलाई आफ्नो निवासमा बोलाएर ब्रिटिस प्रहरी कसरी चल्छ भनेर जिज्ञासा राखेका थिए। ब्रिटिस प्रहरीका सबल पक्ष र नेपालले सिक्ने सक्ने कुरामा चासो देखाएका थिए । दुई सय वर्षअघि सन् १८२२ मा बेलायतमा रोबर्ट पिल गृहमन्त्री भएका थिए। उनले सन् १८२९ मा 'मेट्रोपोलिटन पुलिस एक्ट (ऐन)' ल्याए। त्यही ऐनले बेलायती प्रहरीमा सुधारको थालनी गरेको थियो। त्यही कारणले गृहमन्त्री रोबर्ट पिलको लोकप्रियता चुलियो। उनी प्रधानमन्त्री भए। मैले गहमन्त्री लेखकलाई यो प्रसंग सुनाएको थिएँ। मैले उनलाई भनेँ, 'पद र पदको शक्ति सदाबहार रहँदैन। पदमा रहँदा गरेको सत्कार्यको सुनाम मात्र सदाबहार हुन्छ।'बेलायतीहरूले दुई सय वर्षअघिका गृहमन्त्री रोबर्ट पिललाई 'इथिकल पुलिसिङ' सुरू गराएको श्रेय दिएका छन्। बेलायतमा त्यसै बेला नैतिक र व्यावहारिक प्रहरी प्रशासन सुरू भएको मानिन्छ। उस बखत रोबर्ट पिलले नौवटा सिद्धान्त प्रतिपादन गरेका थिए जो आज 'पिलियन प्रिन्सिपल' नामले प्रसिद्ध छ। उनका दुइटा सिद्धान्त बढी प्रसिद्ध छन्। एक - प्रहरीको प्रभावकारिता प्रहरीले कति धेरै अपराधी पक्राउ गऱ्यो भनेर नापिँदैन, समाजमा अपराध कति कम गरायो भनेर नापिन्छ। दुई - प्रहरी पनि नागरिक हो, नागरिक पनि प्रहरी हो । नेपालमा 'प्रहरी भनेको बर्दीसहितको नागरिक हो, नागरिक भनेको बर्दीबिनाको प्रहरी हो' भनिन्छ। वास्तवमा यो भनाइ रोबर्ट पिलकै हो । त्यस बेलाका रोबर्ट पिलका भनाइ मान्ने हामी नेपाली हाम्रो प्रहरी संगठनलाई सशक्त बनाउने गरी ऐन बनाउन किन सक्दैनौं? रोबर्ट पिलले प्रहरी संगठन व्यवस्थित बनाए। प्रहरीमाथि नागरिक सर्वोच्चता कायम गराए। प्रहरीमाथि कतैबाट हस्तक्षेप नहुने कानुनी व्यवस्था गरे। 'मेट्रोपोलिटन पुलिस एक्ट' आउनुअघि बेलायतमा प्रहरीमाथि जमिनदार र कुलीन कर्मचारीतन्त्र हाबी थियो । नेपालको प्रहरी संगठनमा बढुवा र सरूवामा यसै पनि राजनीतिक र प्रशासनिक दबाब छ। प्रहरीको सर्वोच्च पद प्रहरी महानिरीक्षक (आइजिपी) समेत राजनीतिक र प्रशासनिक दबदबाबाट प्रभावित हुने गरेको छ,बेलायतमा सन् २०१२ देखि 'पुलिस एन्ड क्राइम कमिसनर' को चुनाव हुने गरेको छ। वरिष्ठ राजनीतिक नेता, पूर्वप्रहरी प्रमुख र अपराधशास्त्रका विज्ञहरू क्राइम कमिसनर पदमा निर्वाचित हुने गरेका छन्। यस विधिले प्रहरीलाई नागरिकप्रति अझ बढी जिम्मेवार बनाएको छ। पार्टीबाटै चुनिएर आए पनि प्रहरी संगठनमा राजनीतिक प्रभाव देखिँदैन। प्रहरीमा निजामती प्रशासनको कुनै छाया देखिँदैन। प्रहरीमाथि नागरिक सर्वोच्चताको सही प्रयोग यही हो भन्ने लाग्छ। नेपालमा यस्तो तत्काल यस्तो सम्भावना नभए पनि नयाँ ऐनमार्फत प्रहरी संगठनलाई निजामती सर्वोच्चताबाट नागरिक सर्वोच्चतातिर लैजाने कामको थालनी हुन सक्छ । नेपालमा फौजी पोसाकमा सजिएका नवनियुक्त आइजिपीलाई सिभिल पोसाकका गृहसचिवले दर्ज्यानी चिह्न (फुली) लगाइदिने परम्परा छ। यो परम्परा प्रहरी संगठनका लागि नसुहाउने र बिझ्ने खालको छ । यो परम्परा सुरू हुनुअघि निवृत्त हुने आइजिपीले नवनियुक्तलाई फुली लगाइदिने र कार्यभार हस्तान्तरण गर्ने अनि निवृत्त भई जान लागेकालाई फौजी परम्पराअनुसार बिदाइ गर्ने चलन थियो। बिदाइ समारोहमा केही बेरका लागि दुई जना आइजिपी एकसाथ देखेर प्रहरी कर्मचारीहरू रोमाञ्चित हुन्थे। त्यो परम्परा फौजी सुहाउँदो मानिन्थ्यो । अचानक आइजिपी नियुक्तिमा अस्वस्थ चलखेल सुरू भयो। नवनियुक्त आइजिपीलाई फुली लगाइदिने जिम्मेवारी गृह मन्त्रालयका सचिवमा सऱ्यो। यस परम्पराले गृह मन्त्रालयका अधिकारीहरूमा एक किसिमको दम्भ पैदा गरेको देखिन्छ। गृहसचिवलाई प्रहरी संगठन मेरा अन्तर्गतको हो भन्ने भ्रम पैदा भएको छ । नक्कली भुटानी शरणार्थी प्रकरणमा एकजना पूर्वगृहसचिवलाई प्रहरीले पक्राउ गऱ्यो। त्यस सन्दर्भमा एक दिन एक जना सहायक प्रमुख जिल्ला अधिकारीले मसँग भने - प्रहरीले नचाहिँदो काम गर्न थाल्यो, आफ्नै आइजिपीलाई फुली लगाइदिने सचिवलाई समेत पक्राउ गर्ने दुस्साहस गऱ्यो । यो भनाइमा प्रहरी संगठनमाथि 'निजामती सर्वोच्चता' को कडा गन्ध आउँछ। निजामती प्रशासन र प्रहरी प्रशासनमा मर्यादाक्रम पनि नमिल्दो खालको छ । शाखा अधिकृतबाट तीन तहको बढुवामा निजामती कर्मचारी सचिव हुन्छ। शाखा अधिकृतसरहको इन्स्पेक्टर (प्रहरी निरीक्षक) सचिवसरह हुन ६ तह पार गर्नुपर्छ । अझ विडम्बना त के छ भने यति तह पार गरेर सचिवसरहको पदमा पुगेको आइजिपी मन्त्रालयको सचिवकै मातहत रहनुपर्ने व्यवस्था छ । निजामती प्रशासनको तीन तह बराबर नेपाल प्रहरीको ६ तह भएका कारणले पनि प्रहरीका समान दुई तह निजामतीका सोही तहका अधिकारीभन्दा मर्यादाक्रममा तल पर्छन्। प्रहरीमा डिएसपी र एसपी राजपत्रांकित द्वितीय श्रेणीका हुन्छन्। निजामतीतर्फ राजपत्रांकित द्वितीय श्रेणीको उपसचिव मर्यादाक्रममा डिएसपी र एसपीभन्दा माथि छ। यसैगरी निजामतीको सहसचिव तथा प्रहरीका एसएसपी र डिआइजी राजपत्रांकित प्रथम श्रेणीका हुन् तर मर्यादाक्रममा एसएसपी र डिआइजीभन्दा सहसचिव माथि छन्। एआइजी र आइजिपीभन्दा सचिव माथि छन् । मर्यादाक्रमको यस्तो व्यवस्थाले प्रहरी संगठनमा बलपूर्वक 'निजामती सर्वोच्चता' थोपरेको छ। प्रहरी संगठनमा निजामती सर्वोच्चता देखिने थोरै दृष्टान्त मात्र यहाँ प्रस्तुत गरिएको हो। मिलाउनुपर्ने ठाउँ धेरै छ तर मिलाउनुको साटो निजामती कर्मचारी नै हाबी हुने गरी प्रहरीऐनको विधेयक प्रस्तुत भएको छ। यस्तै ऐन बन्ने हो भने नेपाल प्रहरीको चेन अफ कमान्ड र परिचालनमा गम्भीर असर पर्नेछ। प्रहरी परिचालन र नियन्त्रण पुलिसिङको आधारभूत विषय हो जसले प्रहरीभित्र चेन अफ कमान्डको आधार तयार गर्छ। प्रहरीको परिचालन विशुद्ध अह्नखटनको काम हो। यो जिम्मेवारी प्रहरी अधिकारीले मात्र कुशलतापूर्वक सम्पन्न गर्न सक्छ । हाल प्रस्तुत विधेयकमा संसदमा गहन छलफल हुन आवश्यक देखिएको छ। प्रहरी संगठन बलियो र जनउत्तरदायी बनाउने मौका यही हो।

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

बुढीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुल्देवमाण्डौ, बाजुरा

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर, बाजुरा

# वडाले गरिदिएको ५ सयको बीमाले एक लाख २५ हजार रुपैयाँ प्राप्त

■ नमस्ते समचारदाता
नेपालगञ्ज, माघ/२४



नेपालगन्ज उपमहानगरपालिका वडा नं. १ का हनुमान बर्मा दैनिक मजदुरी गर्थे । घर बनाउने काममा मजदुरी गरेर उनको घर परिवारको जीविका चल्ने गर्दथ्यो। त्यहीँकी मुन्नी पासी पनि मजदुर थिइन् । उनले घरघरमा गएर भाँडा माझ्ने गर्थिन् । दुवै जनाको केही अघि मृत्यु भयो । यी असंगठित मजदुरका परिवार ले प्रतिव्यक्ति एक लाख २५ हजार रुपैयाँका दरले बिमा रकम पाए । हनुमानकी छोरी निकिता बर्मा र मुन्नीका दाजु बुधराम पासीले बिमा रकम बुझे। हनुमान र मुन्नीका परिवारले पाएको बिमा रकम घरपरिवारले बिमा गरिदिएकाले पाएका होइनन् । वडा कार्यालयले मजदुर, निम्न वर्गका मानिसको बिमा गरि दिएपछि हनुमान र मुन्नीका परि वारले एक लाख २५ हजार पाएका हुन् । वडाध्यक्ष प्रमोद रि जालका अनुसार, वडाभित्र रहेका ३ सय ११ जना मजदुरको बिमा गरिएको छ। त्यसका लागि वडाले १ लाख ५७ हजार खर्च गरेको थियो । औसत निकाल्दा बिमामा प्रतिव्यक्ति ५ सय ५ रुपैया खर्च गरिएको छ । ५ सयको बिमाले कुनै मजदुरको मृत्यु भएमा एक लाख २५ हजार दिने गरिएको छ । वडा कार्यालयले गार्डियन माइक्रोलाइफ इन्स्योरेन्स लिमिटेडसँग सम्झौता गरेर बिमाको काम गरेको छ। बिमित व्यक्ति घाइते भएपनि उसलाई सहयोग गर्ने गरिएको छ। दुर्घटनामा घाइते भएका धम्बोझीकै भीम गुरुङलाई उपचार खर्च दश हजार रुपैया दिइएको थियो। गार्डियनका प्रदेश प्रमुख बिमल खड्काले १८ देखि ५५ वर्षका मजदुरको बिमा गरिएको जानकारी दिए । उनका अनुसार, नेपालगन्जको वडा नं. १, ७, २० र २२ नम्बरमा यो कार्यक्रम सञ्चालनमा रहेको छ । अन्य वडाले पनि इच्छा देखाएका छन् । नेपालगन्ज उपमहानगर पालिकाका मेयर प्रशान्त विष्ट, प्रमुख जिल्ला अधिकारी खगेन्द्र रिजाल, नेपालगन्ज उपमहानगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर खड्का, गार्डियनका प्रमुख प्रवन्धक कैलाश देवकोटाले मृतकका परि वारलाई बिमित रकम हस्तान्तरण गरेका थिए ।

# रवि लामिछानेलाई ५४ लाख रूपैयाँ घरौटीमा छाड्न आदेश

■ नमस्ते समचारदाता
चितवन, माघ/२४



साहारा चितवन बहुउद्देश्यीय सहकारी ठगी मुद्दामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति तथा पूर्वगृहमन्त्री रवि लामिछानेलाई ५४ लाख रूपैयाँ धरौटीमा छाड्न चितवन जिल्ला अदालतले आदेश गरेको छ । मंगलबार दायर भएको उक्त मुद्दामा बुधबारबाट सुरू भएको थुनछेक बहस सकिएपछि बिहीबार जिल्ला न्यायाधीश दयाराम ढकालले यस्तो आदेश गरेको चितवन जिल्ला अदालतका सूचना अधिकारी अमृत विश्वकर्माले जानकारी दिए। लामिछानेविरूद्ध ७ वर्ष कैद र ७० हजार रूपैयाँ जरिवाना सजाय हुनु पर्ने र साहारा सहकारीबाट गोर्खा मिडियामा गएको १० करोड ८० लाख १८ हजार १५१ रूपैयाँ रकम लामिछानेसहित चारजनाको सामूहिक दायित्वमा हुन आउने बिगोबाट असुल गर्न माग राखेर मुद्दा दायर भएको छ । थुनछेक बहसमा वादी नेपाल सरकारका तर्फबाट जिल्ला न्यायाधिवक्ताहरु रवि न्यौपाने, शम्भूकुमार बस्नेत, दशरथ पंगेनी र भोलानाथ निरौला तथा सहायक जिल्ला न्यायाधिवक्ताहरु बुद्धबहादुर थापा र अमृत सुवेदीले बहस गरेका थिए। त्यसैगरी सहकारीका पीडित बचतकर्ता जाहेरवालाहरूका तर्फबाट वरिष्ठ अधिवक्ताहरू सुरेन्द्र भण्डारी,दिनेश त्रिपाठी र र ाजकुमार श्रेष्ठ तथा अधिवक्ताहरु गोपीलाल देवकोटा, रमेश काफ्ले, रामचन्द्र आरसी गौतम र सुनिता अधिकारीले बहस गरेका थिए । त्यसैगरी प्रतिवादी रवि लामिछानेका तर्फबाट वरिष्ठ अधिवक्ताहरू सुशीलकुमार पन्त, जगन्नाथ पौडेल, धर्मराज आचार्य र सुरेन्द्रबहादुर थापा तथा अधिवक्ताहरू रामचन्द्र देवकोटा र डा. नारायणदत्त कँडेलले बहस गरेको अदालतका सूचना अधिकारी विश्वकर्माले जानकारी दिएका छन् ।

# बर्दियामा पृथ्वी पत्रकारिता पुरस्कार अक्षयकोष स्थापना

■ नमस्ते समचारदाता
बर्दिया, माघ/२४




नेपाल पत्रकार महासंघ जिल्ला शाखा बर्दियाले पृथ्वी पत्रकारि ता पुरस्कार अक्षयकोष स्थापना गरेको छ। गुलरिया नगरपालिका-७ निवासी पत्रकार एवं समाजसेवी कमलराज पौडेलले अक्षयकोष स्थापनार्थ एक लाख एक हजार एकसय एघार रुपैयाँ सहयोग गरेपछि कोष स्थापना गरिएको हो । बर्दियाका सञ्चारकर्मीलाई पत्रकारिता क्षेत्रमा टिकाइ राख्ने तथा हौसला प्रदान गर्ने उद्देश्य का साथ कोष स्थापना गरिएको नेपाल पत्रकार महासंघ बर्दियाकाअध्यक्ष निर्मलघिमिरेले जानकारीदिनुभयो।अक्षयकोषबाट प्राप्त व्याज रकमले वार्षिक रूपमा एक जना पत्रकारलाई सम्मानसहित पुरस्कार प्रदान गरि ने उहाँले बताउनुभयो । पत्रकार पौडेललाई बेलायतस्थित संयुक्त र ाष्ट्रवादी नेपाली संगठन ले राष्ट्र निर्माता पृथ्वीनारायण शाहको योगदान बारे लेखन र अभियान सञ्चालन गरेबापत ३०३औं पृथ्वी जयन्तीको अवसरमा “पृथ्वी पुर स्कार” सहित एक लाख रुपैयाँ प्रदान गरेको थियो। यही पुरस्कार बाट प्राप्त रकम उहाँले अक्षयकोष स्थापनार्थ चेक हस्तान्तरण गर्नुभएको हो । पत्रकार पौडेलले बर्दियाका पत्रकारहरूको प्रवर्द्धन, विकास तथा सम्मान स्वरूप रकम प्रदान गरेको बताउनुभयो। साथै, पत्रकारितामा काम गरिरहँदा पत्रकारहरूले भोग्नुपर्ने समस्या महसुस गरेर अक्षयकोष स्थापना गर्न लागेको उहाँको भनाइ छ। कार्यक्रमका प्रमुख अतिथि मधेश प्रदेशका पूर्व प्रमुख डा. राजेश अहिराज ले महासंघमा आबद्ध जेहेन्दार तथा लगनशील पत्रकार हरूलाई सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। साथै, देशको सीमा, इतिहास र गौरव जोगाउन पत्रकार हरू एक भएर कलम चलाउनुपर्ने उहाँको आग्रह थियो।

गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं ।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं ।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं ।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।

खार्पुनाथ गाउँपालिका
हुम्ला

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:



आकर्षक
भित्ते घडी
यतिमात्र होईन... साथमा
बम्पर उपहार



रंगिन टिभी एकजनालाई



१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
लपुर, न्यरोड बाँके फोन नं. ९८४८२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

# विश्वविद्यालय खेलकुद : त्रिभुवन विश्वविद्यालय टिम च्याम्पियन

नमस्ते समचारदाता
काठमाडौं, माघ/२४




पोखरामा बिहीबार सम्पन्न दोस्रो विश्वविद्यालय खेलकुद प्रतियोगितामा त्रिभुवन विश्वविद्यालय (त्रिवि) टिम च्याम्पियन बन्न सफल भएको छ। त्रिवि १३ स्वर्ण पदकसहित टिम च्याम्पियन बनेको हो। त्रिविथप ९ रजत तथा ४ कास्य सहित २६ पदक प्राप्त गरि दोस्रो पटक पनि च्याम्पियन बन्न सफल भएको हो। यस्तै ३ स्वर्ण २ रजत र ३ कास्य पदकसहित सुदूरपश्चिम विश्वविद्यालय द्वितीय भएको छ। २ स्वर्ण र ३ रजत पदकसहित मध्यपश्चिमान्चल विश्वविद्यालय तृतीय भएको छ । सहआयोजक गण्डकी विश्वविद्यालयले १ स्वर्णसहित २ रजत र ५ कास्य पदक प्राप्त गरेको छ। काठमाडौंले २ रजत र ७ कास्य हात पार्दा पोखराले १ रजत ३ कास्य पदक प्राप्त गरेको छ। पूर्वाञ्चल २ कास्य, कृषि तथा वनविज्ञान २ कास्य र लुम्विनी विश्वविद्यालयले १ कास्य पदकमा चित्त बुझाएका छन् । चार खेल पुरुष भलिबल, महिला/पुरूष एथलेटिक्स, ब्याडमिन्टन र टेबलटेनिस गरी १९ स्वर्णपदका लागि प्रतिष्पर्धा भएको थियो । तेश्रो विश्व विद्यालय खेलकुद प्रतियोगिता आगामी वर्ष कृषि तथा वन विज्ञान विश्वविद्यालय चितवनले आयोजना गर्ने गरि झण्डा हस्तान्तरण गरिएको छ । कृषि तथा वनविज्ञान विश्व विद्यालयका विद्यार्थी कल्याण निर्देशनालयका निर्देशक कृष्ण प्रसाद थपलियाले प्रतियोगिता आयोजनाको झण्डा लिनु हुँदै अर्को बर्ष चितवनमा भेट गर्न सबै विश्वविद्यालयलाई निम्ता समेत गरे।

# अध्यादेशबारे अर्को बैठकबाट ठोस निर्णय गर्छौं जसपा

नमस्ते समचारदाता
काठमाडौं, माघ/२४



जनता समाजवादी पार्टी नेपालले अध्यादेशबारे पार्टीको अर्को बैठकबाट ठोस निर्णय लिइने बताएको छ ।अध्यक्ष उपेन्द्र यादवको सचिवालयका तर्फबाट निजी सचिव महेश चौरसियाले बिहीबार विज्ञप्ति जारी गर्दै पार्टीले गठन गरेको कार्यदलले बुझाएको प्रतिवेदनमा थप अध्ययन गरी अर्को बैठकबाट ठोस निर्णय लिने उल्लेख छ । सरकारले ल्याएका अध्यादेशबारे अध्ययन गर्न जसपा नेपालले राजकिशोर यादव नेतृत्वमा कार्यदल बनाएको थियो। उक्त कार्यदलले अध्यक्ष यादवलाई प्रतिवेदन बुझाइसकेको छ। 'प्रतिनिधि सभा र राष्ट्रिय सभामा अध्यादेश पेस नगरी कार्यसूचीबाटै हटाएको अवस्थामा जसपा नेपालले अध्यादेशबारे कुनै औपचारिक निर्णय आज नलिई उक्त प्रतिवेदनउपर थप अध्ययन र छलफल गरी संसदीय दलको अर्को बैठकमा देश र राष्ट्र हित हुने गरी ठोस निर्णय लिने जानकारी गराउँदछौं,' चौरसियाले भनेका छन्।साथै जसपा नेपालले विज्ञप्तिमा अतिरञ्जित, मनगढन्ते र प्रायोजित ढंगले आइरहेका समाचार र सूचना गलत रहेको पनि उल्लेख गरेको छ । सरकारले ल्याएका अध्यादेश स्वीकृत हुन राष्ट्रिय सभामा सत्ता पक्षलाई ३ जना सांसद रहेको जसपा नेपालको साथ आवश्यक छ।

## विषादीको प्रयोगबाट बचौं र बचाऔं

- किरा मार्ने विषादीले मानिसलाई पनि असर गर्दछ,
- अनावश्यक रुपमा विषादीको प्रयोग नगरौं,
- विषादी प्रयोग गर्नैपर्ने भए प्राविधिकको सल्लाहमा मात्र गरौं,
- विषादी प्रयोग गर्नुपूर्व त्यसको असरको बारेमा जानकारी लिऔं,
- विषादी तयार गर्दा र प्रयोग गर्दा सतर्कता अपनाऔं,
- विषादी प्रयोग गरिएको तरकारी तथा फलफूल खान योग्य भए नभएको यकिन गरेर मात्र उपभोग गरौं,
- विषादी प्रयोग गरिएका तरकारी तथा फलफूल विष मुक्त नभएसम्म विक्रि वितरण नगरौं,
- विषादीको प्रयोग भएका फलफूल तथा तरकारीले क्यान्सरलगायतका रोगहरू लाग्न सक्छ,
- विषादीको प्रयोगले जनस्वास्थयमा गम्भिर असर पर्न सक्छ,

त्यसैले विषादीको प्रयोगमा सचेत बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

चंखेली गाउँपालिका
हुम्ला

# ९ महिनादेखि युक्रेनी सेनाको कब्जामा रहेका दुई जना नेपालीको उद्धार

नमस्ते समचारदाता



दलालको प्रलोभनमा परी युक्रेन पुगेर विगत ९ महिनादेखि त्यहाँको सेनाको कब्जामा रहेका दुई जना नेपालीको उद्धार गरिएको छ। नयाँ दिल्लीस्थित एक एजुकेसन कन्सल्टेन्सीमार्फत तीन महिनाको विद्यार्थी भिसामा युक्रेन पुगेका तेरहथूमका २९ वर्षीय फुर्वा शेर्पा र दोलखा घर भएका ३९ वर्षीय शेर साम्बो शेर्पा गत मे महिनादेखि युक्रेनको मिकोलाइटस्थित एमसीसी डिटेन्सन केन्द्रमा रहेका थिए । उनीहरूलाई बुधबार युक्रेनी सेनाले माल्दोवामा लगेर छोडी दिएको गैर आवासीय नेपाली संघको सहयोगमा शुक्रवार दिउँसो काठमाडौं ल्याउन लागिएको गैर आवासीय नेपाली संघका अध्यक्ष बद्री केसीले जानकारी दिए । उनीहरूको उद्धारको लागि जर्मनीका लागि नेपाली राजदूत डा शैल रुपाखेती र नियोग उपप्रमुख सागर फुयाँल लगायतले महत्त्वपूर्ण भूमिका खेलेका थिए। यस्तै, उद्धारको लागि गैरआवासीय नेपाली संघको तर्फबाट आइसीसी सदस्य चिरन शर्मा, संघको केन्द्रीय कार्यालयका प्रमुख कार्यकारी अधिकृत राजेन्द्रकुमार राउत र सचिवालयका कर्मचारीले समन्वयन गरेको केसीले बताए।

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

महावै गाउँपालिका
कालिकोट

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके